## रोगको व्यवस्थापन

- सही बाली चक्र अपनाउने ।
- ट्राईकोडर्मा भिरिडी १० केजी प्रति हेक्टरको दरले माटो उपचार गर्ने ।

## बोट्राइटिस खैरे रोग

न्यानो र ओसिलो हावापानीले यो रोग विकास गर्न सहयोग गर्दछ र बोट बाक्लो भएको ठाउँमा देखिन्छ । रोग सबैभन्दा पहिला फूलहरूमा देखा पर्दछ जहाँ बिहानी पख सेतो ढुसीले ढाकेको जस्तो देखिन्छ । पातहरूमा धमिलो खैरो ढुसीले ढाकेको हुन्छ र रोग बढ्दै जाँदा पुरै बोट रोगी हुन्छ र सुक्दछ ।



## रोगको व्यवस्थापन

- बीउ बाक्लो नरोपी कम्तिमा ३० से.मि.को दुरीमा लाईन बनाएर रोप्ने ।
- बीउलाई बेनोमिल वा क्लोरोथालोनिल १ देखि ३ ग्राम प्रति केजी बीउका दरले उपचार गर्ने ।
- बाली अलि ढिलो लगाउने र धेरै सिँचाइ नदिने ।
- बाली चक्र अपनाउने र बर्सेनि रोग लागेको जग्गामा मुसुरो नलगाउने ।
- अन्तिम विकल्पको रुपमा रासायनिक विषादी जस्तैः कार्बेन्डाजिम ५०% १ ग्राम प्रति लिटर पानीमा मिसाई फूल फुल्ने बेला छर्नु पर्दछ ।

प्रकाशक

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**
फोन नं.: ०८१-५३००२७/५३०२२५
Email : akcbanke@gmail.com
Website: akcbanke.gov.np
आ.व. २०८०/८१

# मुसुरो बालीका रोगहरु

## स्टेमफिलियम ब्लाइट

यो रोगले नेपालमा ५० देखि ७०% सम्म मुसुरो उत्पादनमा ह्रास ल्याएको देखिन्छ । बदलीदो मौसम, अधिकतम आद्रता, पातमा शीतको लामो अवधि र न्यानो तापक्रम (२०-२५ डिग्री सेन्टीग्रेट) यस रोगको लागि अनुकूल वातावरण हुन् । यस रोगको लक्षण फूल फुल्ने समयमा धेरै देखापरे तापनि वातावरण अनुकूल भएमा फूल फुल्नु अगावै पनि देख्न सकिन्छ । सुरुमा पातको टुप्पाहरू केहि खाद्य तत्वको कमि भएको जस्तो धमिलो हुने र पातमा चम्किलो तथा खैरो रङ्गको थोप्ला जस्तो देखिन्छ । पछि बढ्दै ठुलो आकारको थोप्ला देखिन्छ र पातको सम्पूर्ण भागमा २-३ दिन भित्र फैलिन्छ । संक्रमित पात तथा हाँगाहरू हल्का धमिलो, पहेँलो हुँदै जान्छन् । रोग लागेको केहि दिनमै संक्रमित पातहरू झरेर बोटहरू नाङ्गो देखिन्छ र बोट सुक्दै जान्छ । यो रोग लागेको बोटका कोसा तथा डाँठहरू फोस्रो भई उत्पादनमा समेत कमि आउँदछ ।




## रोगको व्यवस्थापन

- रोग कम लाग्ने तथा रोग सहन सक्ने जातहरू जस्तैः शिखर, सिमल, महेश्वर भारती, खजुरा मुसुरो-२, खजुरा मुसुरो-४, श्रदा कालो मुसुरो आदि जातहरू लगाउने ।
- बीउ बाक्लो नरोपी कम्तिमा ३० से.मि.को फरकमा लाईन बनाएर रोप्ने ।
- ट्राईकोडर्मा ६ ग्राम, बेभिष्टिन वा थिराम २ ग्राम प्रति केजी बीउको दरले बीउको उपचार गरी बीउ रोप्ने ।
- फूल फुल्न थालेपछि यो रोगको प्रकोप बढ्ने भएकोले खेत बारीमा रोग देखिनासाथ डायथेन एम-४५ वा कपर अक्सीक्लेराइड २ ग्राम वा बेभिष्टिन १.५ ग्राम प्रति लिटर पानीमा मिसाई ७ दिनको फरकमा दुई पटक छर्नाले रोग नियन्त्रण गराई उत्पादन बढाउन सकिन्छ ।

## बोट ओइलाउने रोग



यो रोगको ढुसी माटोमा बाँचिरहने र अनुकूल वातावरण भएमा ढुसी माटोबाट जरा हुँदै बिरुवामा प्रवेश गर्दछ र बिरुवामा रोगका लक्षणहरू देखा पर्दछ । यो रोग चक्ला- चक्लामा बोटको कलिलो अवस्था देखि ठुलो अवस्था सम्म देखिन्छ । रोग लागि सकेपछि पातहरू फिक्का हरियो भई पुरै बोट ओइलाउँछ । यसले बिरुवाका टुप्पाहरू कुहिन्छ र बाली नपाक्दै सबै पातहरू झर्न थाल्छ । कोसा लागि सकेपछि यो रोग लागेमा बाली पाक्न पाउँदैन र बोटको बीउहरू सबै चाउरिन्छ ।

## रोगको व्यवस्थापन

- यो ढुसी माटोमा बसेर मुसुरो बालीलाई मात्र आक्रमण गर्ने भएकोले तीन वर्षसम्म घुम्ति बाली लगाउनु पर्दछ। वर्षेनी रोग लागेको जग्गामा मुसुरो नलगाउने ।
- रोग कम लाग्ने तथा रोग सहन सक्ने जातहरू जस्तैः शिखर, सिमल, महेश्वर भारती, खजुरा मुसुरो-२, खजुरा मुसुरो-४, श्रद्धा कालो मुसुरो आदि जातहरू लगाउने ।
- ट्राईकोडर्मा ६ ग्राम वा बेभिष्टिन २ ग्राम प्रति के.जी बीउको दरले बीउको उपचार गरी बीउ रोप्ने ।
- ट्राईकोडर्मा हारजीयनम १० केजी प्रति हेक्टरको दरले माटो उपचार गर्ने ।
- रोगको प्रकोप अत्याधिक हुने क्षेत्रमा अन्तिम विकल्पको रुपमा रासायनिक विषादी कृषि प्राविधिकको सिफारिसमा मात्र प्रयोग गर्ने ।

## सिन्दुरे रोग



मुसुरोको जात र रोगको प्रकोप हेरिकन यसले ३०-६०% सम्म बाली नोक्सान गर्न सक्दछ । यो रोग लागेको पात र कोसाहरूमा साना-साना फिक्का पहेँलो रंगका थोप्लाहरू देखिन्छ । बालीको अन्तिम अवस्थामा यी थोप्लाहरू गाढा खैरो वा कालो रंगमा परिणत हुन्छ । रोग धेरै लागेको अवस्थामा कोसामा बीउ नलाग्ने वा साना चाउरिएको बीउ लाग्दछ । यो रोग हावाको माध्यमबाट समेत चारैतिर फैलिन्छ ।

## रोगको व्यवस्थापन

- रोग कम लाग्ने र रोग सहन सक्ने जातहरू प्रयोग गर्नु पर्दछ ।
- छिटो रोपिएका बालीमा ढिलो रोपिएको बालीमा भन्दा बढी रोग देखिने भएकाले अलि ढिलो लगाउँदा क्षती कम गर्न सकिन्छ ।
- अन्तिम विकल्पको रुपमा रासायनिक विषादी जस्तैः डाइथेन एम-४५ ३ ग्राम प्रति लिटर पानीमा मिसाई २ हप्ताको अन्तरमा २ पटक कृषि प्राविधिकको सल्लाहमा छर्नु पर्दछ ।

## जरा कुहिने रोग



बोट सानोदेखि ठुलो हुँदा सम्म जुनसुकै बेला पनि यो रोग लाग्न सक्छ । रोग लागेको बोटका पातहरू फेदतिरबाट पहेँलो हुँदै माथिको पातहरूमा सर्दछ । यो रोगका कारण बोटको मुख्य जराहरू कालो भई कुहिन्छ र बोट पनि मर्दछ ।